लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय दाङ (देउखुरी)

लमही, दाङ

पाना नं.: १

☎/🖷 कार्यालय : ०८२-५४०८९०
☎ कार्यालय प्रमुख : ९८५७८४१५१४
ईमेल ठेगानाः dfodeukhuri@gmail.com

प.सं. २०८१/०८२ (ब्यवस्थापन शाखा)

मितिः २०८१/०९/०३

## डिभिजन वन कार्यालय दाङ (देउखुरी) को सरकारद्धारा व्यवस्थित वनको ढलापडा रुख कटान, मुछान, ढुवानी तथा घाटगद्दी गर्न ठेक्का बन्दोबस्त/ सिलबन्दी बोलपत्र घटाघटको सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०९/०३

यस डिभिजन वन कार्यालय दाङ (देउखुरी) को मिति २०८१/०९/०२ को निर्णय अनुसार यस कार्यालयको कार्यक्षेत्र अन्तर्गतका सरकारद्धारा व्यवस्थित चिमचिमे वन, गढवा गा. पा. वडा नं. २ दाङ्गको वन क्षेत्रमा ढलापडा अवस्थामा रहेका खयर जातका रुख थान ११७ को काठ १५९३.२३ घ.फि. ठेक्का वन्दोवस्त (घटाघट प्रथाद्धारा) कटान, मुछान, ढुवानी तथा घाटगद्दी गर्नु पर्ने भएकोले के कति दररेट कटान मुछान गरी तोकिएको स्थानमा घाटगद्धि गर्न सकिन्छ ? यो सुचना प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र बोलपत्र खरिद गरि ३१ औ दिनको १२.०० बजे भित्र सिलवन्दी बोलपत्र पेश गर्न आयकर, मु.अ.कर तथा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्र भएको, डिभिजन वन कार्यालयमा नियमानुसार सूचिकृत भएको काठ सम्बन्धी कारोबार गर्ने फर्म वा सँस्थालाई आह्वान गरिएको छ। यस सम्बन्धि विस्तृत जानकारीको लागी कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**तपसिलः**

**रुखहरुको विवरणः**

**कालकाटे सव डिभिजन वन कार्यालय कालाकाटे दाङ**

| क्र.सं. | वनको नाम | जात | रुख संख्या | ग्रस आयतन (घ.फि.) | मुल्याङकन गरिएको परिमाण | कटान, मुछान एवं घाटगद्दीको अधिकतम मुल्यांकन रकम (मु.अ.कर बाहेक) | | घाटगद्दी स्थान |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | काठ (घ.फि.) | प्रति क्यु.फिट (रु.) | जम्मा (रु.) | |
| १ | चिमचिमे राष्ट्रिय वन, गढवा गाउपालिका वडा नं. २, दाङ्गदेउखुरी। | खयर, | ११७ | १५९३.२३ | १५९३.२३ | २३९.८१ | ३८२०७२.४९ | गढवा गा.पा.२ वगाले विसौना |
| | कुल जम्मा | | ११७ | १५९३.२३ | १५९३.२३ | २३९.८१ | ३८२०७२.४९ | |

■ वोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति, समय र स्थानः

(क) अन्तिम मिति–२०८१।१०।०३ गते (ख) समय – कार्यालय समय भित्र

(ग) स्थानः डिभिजन वन कार्यालय, दाङ्ग (देउखुरी), लमही वा वन निर्देशनालय, वुटवल ,रुपन्देही

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय दाङ (देउखुरी)

## लमही, दाङ

☎/🖷 कार्यालय : ०८२-४४०८१०
☎ कार्यालय प्रमुख :९८५७८४१५१४
ईमेल ठेगाना: dfodeukhuri@gmail.com

प.सं. २०८१/०८२ (ब्यवस्थापन शाखा)

मितिः २०८१/०९/०३

◘ वोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति, समय र स्थानः
(क) अन्तिम मिति–२०८१।१०।०४ गते ख) समय– दिनको १२:०० बजे सम्म
(ग) स्थानः डिभिजन वन कार्यालय, दाङ्ग (देउखुरी),लमही

**शर्तहरु:**

(१) बोलपत्र फारम को लागि रु १०००।– (पछि फिर्ता नहुने गरी) डिभिजन वन कार्यालय दाङ्ग (देउखुरी), लमही को कार्यालय कोड नं. ३२९०१५६०२५, नेपाल बैंक लिमिटेड, दाङको बैंक खाता नं. २७४०२००००१००१००००१, राजश्व शिर्षक नं. १४२२९ मा जम्मा गरी खरिद गर्न सकिने छ।
(२) बैंक जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना अवधि सम्मको लागी हुनुपर्ने छ ।
(३) बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम नेपाल बैंक लिमिटेड लमही दाङमा रहेको प्रदेश लेखा नियन्त्रक कार्यालय दाङको लुम्विनी प्रदेश सरकारको धरौटी खाता नं. २९३०२००००२००३००००१ ख २.३ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ ।धरौटी वा अन्य कारण देखाई कुनै पनि नगद रकम बोलपत्र साथ पेश गर्न पाईने छैन। यसरी नगद रकमको धरौटी पेश भएमा वोलपत्र स्वतः अमान्य हुनेछ ।
(४) शिलवन्दी वोलपत्र घटाघट हुने वन पैदावार सम्बन्धित क्षेत्रमा गई हेर्न सकिने छ।
(५) ठेक्का बन्दोबस्त।सिलबन्दी बोलपत्र घटाघटमा भाग लिन ईच्छुक कम्पनी वा फर्मले फर्मदर्ता प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, नविकरण प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी, वन कार्यालयमा नियमानुसार सूचीकृत भएको प्रमाणको प्रतिलिपी र आ.व. २०८०।०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।
(६) निर्धारित गरिएको न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८१।१०।०५ गते दिनको २.०० वजे डिभिजन वन कार्यालय, दाङ्ग (देउखुरी), लमही मा खोलिने छ ।
(७) सिलबन्दी बोलपत्र सम्बन्धि कागजातहरु खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै भोली पल्ट कार्यालय खुलेको दिनमा उल्लेखित कार्य हुनेछन् ।
(८) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नुपर्छ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईने छ ।
(९) वोलपत्र स्विकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ ।
'(१०) माथी उल्लेख गरेको शर्तहरु बाहेक बोलपत्रमा कुनै पनि भाषा वा अक्षर वा शर्त उल्लेख गर्न पाईने छैन । तर एउटा फर्मले एकमुष्ट धरौटी राखी कुनै एक लटमा सक्कल र अन्य प्लटमा फोटोकपी राखेको भए उक्त कुरा बोलपत्रमा लेख्न मिल्ने छ ।
(११) सिलवन्दी वोलपत्र सम्वन्धि कागजातहरु सिलवन्दी बोलपत्र/ दरभाउपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधीको सहीछाप भई आएको हुनु पर्नेछ ।
(१२) शिलवन्दी वोलपत्र स्वीकृत भएको जानकारी प्राप्त भएको ७ दिन भित्र ठेक्का करारनामा गर्न आउनु पर्नेछ ।
(१३) माथी उल्लेख गरेको शर्तहरु वाहेक बोलपत्रमा कुनै पनि भाषा वा अक्षर वा शर्त उल्ले गर्न पाईने छैन ।
(१४) उल्लेख हुन छुट भएका बुँदाको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।